महाशिला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बालाकोट, पर्वत

प्लाष्टिक टनेल खरिद तथा ढुवानी कार्यका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना ।

ठेक्का नं. 01/MRM/SQ/TN/2075-76

प्रथम पटक प्रकाशित मिति : २०७५/१२/१३

यस कार्यालयको लागि चालु आ.ब. २०७५/७६ मा आवश्यक ३४० थान प्लाष्टिक टनेल शिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद तथा ढुवानी गर्ने सम्बन्धमा नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक अधिकृत बिक्रेता तथा फर्महरुबाट निम्न सर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयभित्र नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत बिक्रेता तथा फर्महरुबाट लिखित निवेदन र फारम बापतको दस्तुर रु १०००(एक हजार मात्र) तिरेको रसिदको आधारमा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२. दरभाउपत्रदाताले चालु आ.ब. को लागि नविकरण भएको फर्म दर्ता प्रमाण पत्र, मु.अ. कर दर्ता प्रमाणपत्र, आ.ब. २०७४।७५ को कर चुक्ता प्रमाणपत्र, कालोसूचीमा नपरेको स्वयं घोषणापत्रका साथै राष्ट्रिय बाणिज्य बैक लुंखु शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं.३३००३०३००७१०२ मा जमानतबापत जम्मा गरेको रु. ३३००० (अक्षरुपी तेत्तिस हजार रुपैंया मात्र) को सक्कल प्रति बैंक भौचर वा मान्यता प्राप्त "क" श्रेणीको बाँणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ (पचहत्तर) दिन म्याद भएको बैंक ग्यारेण्टी शिलबन्दी दरभाउपत्रको साथ पेश गर्नुपर्नेछ ।

३. दरभाउपत्र फाराम अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिको १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा बुझाउनु पर्नेछ र शिलबन्दी दरभाउपत्र खोल्ने कार्य सोही दिन १४:०० बजे उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि तोकिएको समय र मितिमा बोलपत्र खोलिने छ । दरभाउपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन बिदा परेमा सो कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

४. उपलब्ध गराउने प्लाष्टिक टनेल यस कार्यालयको टेक्निकल स्पेशिफिकेशन बमोजिम हुनुपर्नेछ ।

५. कार्यालयबाट प्राप्त दरभाउपत्र फाराममा प्लाष्टिक टनेलको प्रति इकाई दरभाउ अंक र अक्षर दुवैमा स्पष्ट खुलाउनु पर्नेछ ।

६. म्याद नाघि आएको वा रीत नपुगेको वा विभिन्न सर्त उल्लेख गरेको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

७. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

८. अन्य उल्लेख नभएको विषयमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुने छ।

९. थप जानकारी को लागि www.mahashilamun.gov.np वा ९८५७६७५१११ मा सम्पर्क गर्न सकिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत